यदि मैले अनिवार्य सलाह (नमाज) हरू कायम गरें, रमजानमा उपवास राखें र हलाल (वैध) लाई हलाल माने र हरामलाई त्यागे

जाबिर (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे, यदि मैले अनिवार्य सलाह (नमाज) हरू कायम गरें, रमजानमा उपवास राखें
र हलाल (वैध) लाई हलाल माने र हरामलाई त्यागे र यो बाहेक अरू केही गरिनँ भने के म
जन्नत (स्वर्ग) मा प्रवेश गर्नेछु? उहाँले भन्नुभयो: "हो।" उसले भन्यो: अल्लाहको कसम, मैले यसमा केही थप्ने छैन।
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, जसले अनिवार्य पाँच पटकको नमाज पढ्छ तर नवाफिल (अतिरिक्त र स्वैच्छिक सलाह) पढ्दैन, रमजानको व्रत बस्छ र अतिरिक्त वा स्वैच्छिक उपवासहरू बस्दैन, हलाललाई हलाल ठानेर गर्छ र हरामलाई हराम मानेर त्याग्छ भने ऊ स्वर्गमा प्रवेश गर्नेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/65003